# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## सहिद दिवस २०८२, को सन्देश

सहिद दिवस २०८२ को अवसरमा राष्ट्रको स्वाधिनता, लोकतन्त्र, समावेशिता र न्यायका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने इतिहासका विभिन्न कालखण्डका अमर सहिदहरुप्रति उच्च सम्मानभावका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

सहिदहरुको वलिदान हाम्रो इतिहासको कहिल्यै नमेटिने अध्याय हो । आज हामी लोकतन्त्रका जुन अभ्यास गरिरहेका छौं, त्यो महान सहिदहरुको त्यागको देन हो । सहिदहरुको सपना, निरंकुशता,विभेद र अन्यायबाट समाज र देशलाई मुक्त सार्वभौम, समावेशी र समाजिक न्याय स्थापना गर्नु थियो । स्थायित्व, सुसासन, भ्रष्टाचारको उन्मूलन र समतामुलक समाज सहिदको सपना थियो । सहिदको सहादतले यी पक्षहरुमा के कति सकारात्मक परिणाम देखिए भन्ने कुराको गम्भिर समिक्षा हुनुपर्दछ ।

सहिद दिवसको यो अवसरमा राष्ट्रिय एकता र जिम्मेवारितालाई हामीले सुदृढ बनाउनु जरुरी छ । समय र परिस्थिति परिवर्तन भए पनि राष्ट्रिय स्वार्थका महत्त्वपूर्ण विषयहरु अपरिवर्तनिय रहन्छन् र हामी सबै त्यसको रक्षक बन्नुपर्दछ । देश निर्वाचनमय भएको अवस्थामा शान्त र समृद्ध देश निर्माणको नेपाली जनताको परिकल्पना फेरि उजागर भएको छ । आजको यो पावन दिनले सहिदका बलिदानको सम्मान गर्ने भावना सम्पूर्ण राजनैतिक दल र आम नागरिकमा जागृत गर्ने पूर्ण विश्वासका साथ पुनः महान सहिदहरुप्रति श्रद्धान्जली व्यक्त गर्दछु ।

**२०८२ साल माघ १६ गते, शुक्रबार**
**ने. सं. ११४६ सिल्लाथ्व: द्वादशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**